म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७९ सोमबार ७ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 20 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विद्यार्थीद्वारा रानी वनको अवलोकन

हेटौंडा, ६ जेठ/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको रानी सामुदायिक वनको काठमाडौंमा रहेको लर्डबुद्व कलेजका विद्यार्थीले अवलोकन गरेका छन् । शनिबार कलेजका विद्यार्थीले वनको अवलोकन गरेका हुन् ।

विद्यार्थीलाई समूहका उपाध्यक्ष केशव धिताल र कार्यालय सचिव भीमसेन पौडेलले समूहले गरेका विभिन्न कार्यको जानकारी गराएका थिए । सहभागीलाई समूहको पृष्ठभूमि, वनसंरक्षण, ब्यवस्थापन, महिला सहभागिता, सामाजिक कार्य, संस्थागत विकासलगायत विषयमा जानकारी गराइएको थियो । विद्यार्थीले वन समूहद्वारा निर्मित पिसपार्कको समेत अवलोकन गरेका थिए ।

सर्वमान्य नेता गणेशमान सिह वन संरक्षण पुरस्कार, वनदेवी पुरस्कार, वन संरक्षण युवा पुरस्कार, बागमती प्रदेशस्तरीय पुरस्कार र जिल्लास्तरीय पुरस्कार प्राप्त गरेको यो समूहमा हालसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका ६ सय ७० वटा टोलीले अवलोकन गरिसकेको समूहले जनाएको छ ।

# बागमतीको गाउँमा भन्दा सहरमा गर्भपतन गराउने अधिक

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/बागमती प्रदेशको ग्रामीणक्षेत्र भन्दा शिक्षित मानिएको सहरीक्षेत्रमै बढी गर्भपतन गराउने गरेको सरकारी तथ्यांकले देखाएको छ ।



प्रदेशको स्वास्थ्य निर्देशनालयको तथ्यांक अनुसार गर्भपतन गराउनेको संख्या गाउँमा कम र सहरमा बढी रहेको छ । बागमती प्रदेशका १३ जिल्लामध्ये सहरीक्षेत्रका जिल्लामा बढी मात्रामा गर्भपतन गराएको पाइन्छ । निर्देशनालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा काठमाडौंमा ५ हजार ९७ जनाले सुरक्षित गर्भपतन गराएका छन् । यस्तै, चितवनमा २ हजार ६११ जना, ललितपुरमा एक हजार ६०१ जना, मकवानपुरमा एक हजार ६७ जना, काभ्रेमा ८६५ जना, धादिङमा ६३१ जना, भक्तपुरमा ४५९ जना, रामेछापमा २१८ जना, सिन्धुलीमा १६८ जना, दोलखामा १४७ जना, नुवाकोटमा ११४ जना, रसुवामा ७ जनाले सुरक्षित गर्भपतन गराएका छन् ।

चालु आर्थिक वर्षमा बागमती प्रदेशमा १३ हजार १९६ जनाले सुरक्षित गर्भपतन गराएको तथ्यांक छ । सहरी अस्पतालमा भरपर्दो सेवा पाइने, जनघनत्व बढी हुने, गाउँभन्दा सहरमा गोपनीयता हुने भएकाले सहरमा सुरक्षित गर्भपतन गराउनेको संख्या धेरै हुने गरेको निर्देशनालयकी नर्सिङ अधिकृत सृजना पन्त बताउँछिन् । रोजगारीका लागि बाहिर जानुपर्दा, करियरका लागि, अनिच्छित गर्भ बस्नाले वा व्यक्तिगत समस्यालगायत कारणले सुरक्षित गर्भपतन गराउने गरेको पाइएको छ ।

बागमती प्रदेशभर चालु आव २०८०/८१ को पछिल्लो तथ्यांकमा १३ हजार १९६ जनाले सुरक्षित गर्भपतन गराएका हुन् । गत आव २०७९/८० मा १९ हजार २२५ जनाले सुरक्षित गर्भपतन गराएका थिए । यस्तै, आव २०७८/७९ मा सुरक्षित गर्भपतन गराउनेको संख्या १८ हजार ४६३ थियो । आव २०७७/२०७८ मा १४ हजार ६२२ जना, आव २०७६/७७ मा १८ हजार ५३६ जना, आव ०७५/७६ मा १८ हजार ५०५ जनाले सुरक्षित गर्भपतन गराएको स्वास्थ्य निर्देशनालयको तथ्यांक छ ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालकी स्त्रीरोग वरिष्ठ विशेषज्ञ डा. शान्ति श्रेष्ठका अनुसार पाठेघरमा आएको भ्रुणलाई निकाल्नु नै गर्भपतन हो । नेपालको कानुनअनुसार महिलाको मन्जुरीमा १२ हप्तासम्मको गर्भपतन गराउन पाइने श्रेष्ठले बताइन् । गर्भवती महिलाको ज्यानमा खतरा, जबर जस्ती करणी वा हाडनाता करणी र एचआइभी पोजेटिभ भएको महिलाले २८ हप्तासम्म गर्भपतन गराउन मिल्ने उनको भनाई छ ।

बागमती प्रदेशमा ६ वर्ष यता १ लाख २ हजार ५४८ जनाले सुरक्षित गर्भपतन गराएका छन् । बागमतीमा ६ वर्षको अवधिमा ६४ हजार १४८ जनाले औषधिको प्रयोगले सुरक्षित गर्भपतन गराएको निर्देशनालयको तथ्यांक छ । जसमा २० वर्षभन्दा कम उमेरका ५ हजार ४३० जना छन् । २० वर्ष वा सो भन्दामाथि उमेर समूहका ५८ हजार ७१८ जना छन् । सर्जिकल विधिबाट ३८ हजार ४०० जनाले सुरक्षित गर्भपतन गराएकोमा २० वर्ष कम उमेरका ४ हजार ७७८ जना र २० वर्ष वा सो भन्दामाथि उमेरका ३३ हजार ६२२ जना छन् ।

कानुनी मान्यता प्राप्त स्वास्थ्यसंस्था, तालिम प्राप्त स्वास्थ्यकर्मी भएको स्थानबाट गर्भपतन गराउन पाइने प्रावधान छ । सुरक्षित गर्भपतनका लागि कानुनमा उल्लेख भएका मापदण्ड पूरा भएमात्रै गर्भपतन गराउन पाइन्छ । 'सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन २०७५ को दफा १५ अनुसार गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ, गर्भवती महिलाको ज्यानमा खतरा वा शारीरिक वा मानसिकस्वास्थ्य खराब हुनसक्ने भनी इजाजतप्राप्त चिकित्सकको रायबमोजिम गर्भवती महिलाको मन्जुरीमा २८ हप्तासम्मको भ्रुणलाई गर्भपतन गराउन मिल्ने प्रावधान छ ।

ऐनमा होस् ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वा अठार वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षक वा माथवरले मञ्जुरीनामा सेवा दिन सकिने छ भनेर उल्लेख छ । यस्तै, अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नु पर्नेछ भनी उल्लेख गरिएको छ ।

# उपमहानगरले दरबन्दी भन्दा बढी कर्मचारी फिर्ता गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/मति हेटौंडा उपमहानगरपालिकाले आवश्यक दर्वन्दी भन्दा बाहेकका कर्मचारी फिर्ता गर्ने निर्णय गरेको छ । स्वीकृत संगठन संरचना तथा तेरिज दर्वन्दी बाहेकका कार्यालयलाई आवश्यक नरहेको भन्दै फिर्ता पठाउने निर्णय गरेको हो ।

तेरिज दर्वन्दी भन्दा बढी कर्मचारी आवश्यक नरहेको भन्दै ४४ औं कार्यपालिका बैठकले स्थायी दर्वन्दीका कर्मचारी फिर्ता पठाउन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्लाई पत्राचार गर्ने निर्णय गरेको हो । तेरिज दर्वनदी भन्दा बढी कर्मचारी सम्बन्धित निकायमा फिर्ता पठाउने निर्णय भएको नगरप्रवक्ता सबिन न्यौपानेले जानकारी दिए ।

त्यस्तै कार्यपालिका बैठकले हेटौंडा-३ बसामाडीस्थित प्रस्ताबित नेपाल आई प्रोग्राम, द फ्रेण्ड हेलोज ईन्ट्राअकुलर लेन्स ल्यावरोटरी स्थापना कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन स्वीकृत गर्ने निर्णय गरेको छ ।

साबिक बसामाडी गाविसस्थित नबीन रिरोलिङ ईण्डस्ट्रीज रहेको स्थानमा लेन्स ल्यावरोटरी स्थापना गर्ने तयारी भएको छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष रबिभक्त श्रेष्ठको लगानी रहेको रिरोलिङ कम्पनी दुईदसक बढीदेखि बन्द रहेको थियो ।

त्यस्तै, हेटौंडा-१६ स्थित आकाशधारा सडकको स्तरीकरण गर्नका लागि गरिएको वातावरणीय परीक्षण प्रतिबेदन पनि स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । नगर सभाको १५ औं अधिवेशन आगामी असार २ गते आब्हान गर्ने पनि निर्णय भएको छ । नगरको बिपद् ब्यवस्थापन कोष संचालन कार्यबिधि २०७९ को पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् ।

# ६७ वर्षीया अशक्त गोमालाई घरमै पुगेर नागरिकता

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/ मकवानपुर थाहा नगरपालिका-८ आग्राकी ६७ वर्षीया गोमा भुजेलले नागरिकता पाएकी छिन् । वि.सं. २०१४ साल माघ ७ गते जन्मिएकी गोमा शारीरिकरुपमा पूर्णअशक्त छिन् ।



हालसम्म नागरिकता पाउन नसकेकोले उनले सामाजिक सुरक्षाभत्ता तथा अपाङ्गता परिचयपत्र समेत पाउन सकेकी थिइनन् । नागरिकता वितरणका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोजप्रसाद पौडेलसहित सहदेव आचार्य, मदन श्रेष्ठलगायतको टोली ५ जेठमा आग्राको खानीखोला पुगेका थिए । नागरिकता वितरण कार्यक्रममा वडाध्यक्ष हेमकुमार थिङ, वडासदस्य बद्री थापा, वडा कार्यालयका उमेश थापालगायत स्थानीयको उपस्थिति रहेको थियो ।

थाहा नगरपालिका-८ आग्रा खानीखोलाकी गोमालाई ८ नम्बर वडाध्यक्ष थिङ तथा स्थानीय दुतराज थिङको विशेष पहलमा जिल्ला प्रशासन कार्यालय मकवानपुरको टोलीले घरमै पुगेर नागरिकता वितरण गरेको हो । जन्मजात पूर्णअपाङ्गता भएकी गोमा बोल्न र हिँडडुल गर्न सक्दिनन् । नागरिकता प्राप्त गरेसंगै अब उनलाई सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने प्रक्रिया अघि बढाउने वडाध्यक्ष थिङले बताए । अपाङ्गता परिचयपत्रका लागि मेडिकल अधिकृतको समेत चेकजाच चाहिने भएकोले यसका लागि पालुङ प्राथमिक स्वास्थ्यकेन्द्रका डाक्टरसँग सहकार्य गरिने थिङको भनाइ छ ।

नागरिकता वितरण पश्चात् प्रतिक्रिया दिदै जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत पौडेलले भने- 'अरु पनि गाउँघरमा यस्ता असक्त नागरिकताकै अभावका कारण राज्यको सुविधाबाट वञ्चित कोही भए भन्नूस् हामी सहयोग गर्छौं ।,' यसअघि पनि जिल्ला प्रशासन कार्यालय मकवानपुरले भीमफेदी, राक्सिराङलगायत पालिकामा अशक्त/अपाङ्गता भएकाहरुलाई घरमै पुगेर नागरिकता वितरण गरेको थियो ।

# बागमतीमा बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल



साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/बागमती प्रदेशसभाको आइतवारको बैठकमा आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजित बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा छलफल प्रारम्भ भएको छ ।

कर प्रस्तावबाहेकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा छलफल भएको हो । बैठकमा सत्तापक्ष तथा प्रतिपक्षका प्रदेशसभा सदस्यले विनियोजित बजेटका सिद्धान्त प्राथमिकतामा भाग लिँदै भूगोलअनुसार बजेट र योजना कार्यान्वयन गर्न सुझाव दिए । उनीहरुले प्रदेशका १३ जिल्लामा भौतिक पूर्वाधारको विकास र कृषिमा यान्त्रिकीकरण गरी उत्पादन बृद्धिको व्यवस्था मिलाउन सरकारसँग माग गरे ।

प्रदेशसभा सदस्यले दीर्घकालीनरुपमा वन डढेलोबाट नियन्त्रण, सीमान्तकृत समुदाय चेपाङ, दलित, आदिवासी जनजातिको स्वास्थ्यउपचार, शिक्षा र रोजगारीको लागि प्रत्यक्ष अवसर जुटाउने योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सुझाव दिए । यसैगरी, सवारीचालक अनुमतिपत्र लिने प्रक्रिया सहज बनाउन, प्रविधिको प्रयोग गरी राजस्व संकलन गर्न, पर्यटन, वनस्पति र मौसमी जडीबुटीको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्ने खालका कार्यक्रम ल्याउन उनीहरुले आग्रह गरे ।

यस्तै, काठमाडौं उपत्यकाको फोहरलाई नुवाकोटको बञ्चरेडाँडामा डम्पिङ गरी राख्दा वातावरण प्रदूषण हुन गई नागरिकको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको प्रति पनि उनीहरुले चिन्ता व्यक्त गरे । बैठकमा प्रदेशसभा सदस्य डा. दिनेशचन्द्र देवकोटा, लक्ष्मी घिमिरे, बसन्तमान मानन्धर, रामप्रसाद ढुंगाना, इन्द्र सापकोटा, राजु विष्ट, प्रभात तामाङ, इन्द्रप्रसाद गोतामे, मधुकुमार श्रेष्ठ, आनन्दकुमार श्रेष्ठ, डम्बर तामाङ, रमेशकुमार महत, देवेन्द्र श्रेष्ठ, रामकुमार पहाडी, हरिशप्रसाद सापकोटा, आशा लामा, भुवन केशरी श्रेष्ठ, सूर्यचन्द्र लामिछाने, इन्द्र चौलागाईं, कन्चनबादे श्रेष्ठ, तीर्थ लामा, मायादेवी शर्मा, राजेन्द्र प्रजापति र सुष्मा भुजेल न्यौपाने लगायतले सुझाव प्रस्तुत गरेका थिए ।

# चोरीको मोटरसाइकलसहित ६ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/चोरीको ५ वटा मोटरसाइकल र मास्टर साँचो सहित ६ जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले नियन्त्रणमा लिएको छ । विभिन्न मितिमा चोरी भएका मोटर साइकलको खोजतलास गर्ने एवम् चोरी नियन्त्रण गर्ने क्रममा नियन्त्रणमा लिएका व्यक्तिलाई प्रहरीले आइतबार सार्वजनिक गरेको हो ।

२ जेठमा हेटौडा उपमहानगरपालिका-१६ बाट वडा नं. १५ बस्ने वर्ष २० को मिलन पाख्रिन, वडा नं. १६ बस्ने वर्ष ३० को रत्नबहादुर गोलेलाई बा.प्र.०२-०३ प २१९६ नम्बरको मोटरसाइकल सहित नियन्त्रणमा लिएको हो । उक्त नम्वरप्लेट राखेको मोटरसाइकल चोरीको भएकोले प्रहरीले नियन्त्रणमा लिएको थियो । मोटरसाइकल मकवानपुर जिल्ला बकैया गाउँपालिका-८ बस्ने वर्ष १९ को संजीव भोलनले बिक्री गरेको बताइएको छ ।

प्रहरीले संजीवलाई सोधपुछ गर्ने क्रममा भोलनको साथबाट पनि चोरीकै मोटरसाइकल फेला पारेको थियो । संजीवको साथबाट बागमती प्रदेश ०२-०४१ प ३९०८ नम्बरप्लेट भएको २२० सिसिको चोरीको मोटरसाइकल फेला पारीएको प्रहरीले जनाएको छ । अनुसन्धान गर्ने क्रममा मोटरसाइकल मकवानपुर बकैया गाउँपालिका-८ बस्ने वर्ष ३३ को रमेश लोप्चन र इन्द्रसरोबर गाउँपालिका-५ बस्ने वर्ष २९ को सुवाश बोम्जनले दिएको भनिएको थियो ।

साथै संजीवको साथबाट फेला परेको मोटरसाइकलको सम्पूर्ण पार्टपुर्जा हेटौंडा-१९ बस्ने अशोक स्याङतानलाई बिक्री गरेको पाइएको थियो । प्रहरीले अशोकले प्रयोग गर्ने ना २० प ७७६८ नम्बरको मोटरसाइकलमा उक्त पार्टपुर्जाहरु राखी स्वरुप परिवर्तन गरेको भन्ने जानकारी पाएको थियो ।

मिलन पाखिन, रत्न बहादुर गोले, संजीव भोलन, रमेश लोप्चन र अशोक स्याङतानलाई पक्राउ गरी चोरी मुद्दामा जिल्ला अदालत मकवानपुरबाट ८ दिनको म्याद अनुमति लिई अनुसन्धान जारी राखेको छ । प्रहरीले अन्य चोरी भई आएका बा.प्र.०२-०३८ प ७५८१ नम्बरको एनएस र बा.प्र.०२-०३३ प ६०२० नम्बरको डूक मोटरसाइकल समेत कार्यालयमा ल्याई अनुसन्धान कार्य भइरहेको डिएसपी लक्ष्मी भण्डारीले बताए ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित




- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# डेढ वर्षपछि सभापति

बागमती प्रदेशसभाका चारवटा संसदीय समितिले प्रदेशको दोस्रो कार्यकाल सुरु भएको डेढ वर्षपछि मात्रै सभापति पाएको छ । बागमतीमा प्रदेशसभा सुरु भएको डेढवर्ष तथा समिति गठन गरिएको एक वर्षपछि बल्लतल्ल समितिको सभापति चयन भएको हो । १२ असार २०८० मा आएर मात्रै प्रदेशका पाँचवटा संसदीय समिति गठन भएको थियो । विगतमा भागबन्डा र सरकार परिवर्तनका कारण समयमै संसदीय सभापति चयन हुन सकेको थिएन । संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन, सरकार लाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भएगरेका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी निर्देशन दिन समितिको महत्वपूर्ण भूमिका हुन्छ । संसदीय अधिवेशनका बैठकमा सदनको कार्यबोझ कम गरी सदनले विधि निर्माण कार्यमा बढी ध्यान दिनसक्ने अवस्था सृजना गर्न विषयगत समितिको गठन आवश्यक मानिन्छ । समितिले सरकारद्वारा गरिने दैनिक प्रकृतिका कामका सम्बन्धमा देखापर्ने समस्या र तिनका गतिविधिसँग पूर्णपरिचित हुन, कार्यपालिकाको काम पेलाहापूर्ण र विवादित हुन नदिनका लागि नियन्त्रणात्मक विधि अवलम्बन गर्न सक्छन् ।

संसदीय समितिहरु विषयगत विशेषज्ञता हासिल गर्ने आधारसिला हुन्, जुन सांसदहरुलाई मन्त्री हुन वा हुँदाका बखत सहयोगी हुन्छ । पेचिला र गम्भीर विषयमा सदनमा भन्दा समितिहरुमा व्यापक र विस्तृतरुपमा विधेयक वा प्रतिवेदनमाथि छलफल गर्न पनि समितिहरुको भूमिका महत्वपूर्ण हुन्छ । सरकार र व्यवस्थापिकाको पुल भई काम गर्न तथा सरकार र सदन दुवैको कार्यसम्पादनस्तर उच्च बनाउन पनि समितिहरुको उल्लेख्य भूमिका रहेको हुन्छ । प्रदेशसभामा शनिवार भएको निर्वाचनबाट प्रदेश मामिला, सार्वजनिक लेखा, शिक्षा स्वास्थ्य तथा कृषि समिति र अर्थ विकास समितिमा सर्वसम्मत रुपमा सभापति चयन भएको हो । प्रदेश मामिला, सार्वजनिक लेखा, शिक्षा स्वास्थ्य तथा कृषि समितिको दिउँसो र अर्थ विकास समितिको साँझ सम्पन्न निर्वाचनबाट सर्वसम्मत रुपमा सभापति चयन गरिएको प्रदेशसभा सचिवालयका प्रवक्ता मनोज गुप्ताले जानकारी दिए । दलीय भागबन्डाअनुसार प्रदेश मामिला समितिको सभापतिमा नेपाली कांग्रेसका छिरिङदोर्जे लामा चयन भएका हुन । सार्वजनिक लेखा समितिमा कांग्रेसकै श्रीराम लामिछाने सभापतिमा सर्वसम्मत चयन भएका छन् । शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापतिमा नेकपा माओवादी केन्द्रका ठाकुरप्रसाद ढकाल चयन भएका छन् । अर्थ विकास समितिमा राप्रपाका नुरज बज्राचार्य सभापति बने । प्रदेश मामिला समिति र सार्वजनिक लेखा समिति नेपाली कांग्रेसले, अर्थ तथा विकास समिति राप्रपालाई, उद्योग, पर्यटन तथा वातावरण समिति एमालेलाई र शिक्षा, स्वास्थ्य तथा कृषि समिति माओवादी केन्द्रलाई भागबन्डा लागेको हो ।

बागमती सरकारमा भागबण्डा मिलाउन मन्त्रालय फुटाएर थपेको ४८ घण्टा नबित्दै संसदीय समिति पनि थप गरिएको हो । एमालेको भागमा परेको उद्योग, पर्यटन तथा वातावरण समिति र शनिवार प्रदेशसभा बैठकले गठन गरेको विशेषाधिकार समितिको निर्वाचन भने सोमबारका लागि तोकिएको छ । आइतबार उम्मेदवारी दर्ता भएको छ । उद्योग, पर्यटन तथा वातावरण समितिमा सभापतिका लागि एमालेले रामेछापका आनन्दकुमार श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । नेकपा (एकीकृत समाजवादी) को भागमा परेको विशेषाधिकार समितिमा धादिङका मायादेवी शर्मा उम्मेद्वार बन्ने भएकी छन् । शनिवार बसेको प्रदेशसभा बैठकले प्रदेशसभा नियमावली, २०७४ ले व्यवस्था गरेअनुसार विशेषाधिकार समिति गठन गरेको छ । समितिमा १७ जना सदस्यलाई सभामुख पाठकले मनोनयन गरेका छन् । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात दलमध्ये पाँचवटा दलबीच संसदीय समितिको सभापतिमा भागबण्डा मिलाउन शुक्रबार दलीय सहमतिअनुसार विशेषाधिकार समिति थप्ने निर्णय भएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ८ गते मंगलबार २१ मे २०२४ । त्रयोदशी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ६:४८ । नृसिंह जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सञ्चित धन खर्च हुनेछ | तुला | : सहमतिका कार्यहरु हुनेछन् |
| वृष | : आफन्तले कुरा काट्नेछन् | वृश्चिक | : नयाँ कार्य सम्पन्न हुनेछ |
| मिथुन | : आत्मविश्वास बढ्नेछ | धनु | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कर्कट | : आफन्तको सहयोग मिल्नेछ | मकर | : सन्तानबाट सन्तोष मिल्नेछ |
| सिंह | : मान, प्रतिष्ठा बढ्नेछ | कुम्भ | : विवाद पर्न सक्नेछ |
| कन्या | : कार्यमा सफलता मिल्नेछ | मीन | : दाम्पत्य सुख मिल्नेछ |

# पुराना दलदेखि पूर्वराजासम्म नै छेपारे-नीति



✍ बालकृष्ण मैनाली

देशमा भइरहेका थरीथरीका राजनीतिक नाटक मञ्चनहरुले जनजन थिलथिलो भइरहेका छन् । वर्तमानमा देखा परिरहेको राजनीतिक मञ्चनमा बेलाबेलामा देखा पर्ने अभियन्तादेखि लिएर विशेष गरी राप्रपा जसलाई पूर्वराजा समर्थकहरु पनि भनिने गरिन्छ, यो वा त्यो नाउँमा सडकमा उत्रिन थालेका छन् ।

राजतन्त्रात्मक रहेको अवधिभित्र केही राजाहरुले देश र जनताको विषयलाई सम्बोधन गर्ने प्रयासमा लागिपरेको कारण केही जनमत पनि राजतन्त्रको पक्षधरमा वकालत गरिरहेका छन् । भोलि ७ गते पनि पूर्वराजा ज्ञानेन्द्रको पाटनको परिक्रमाबारे सामाजिक सञ्जालहरुमा व्यापक प्रचारप्रसार भइरहेको छ । पक्कै थोरै मात्रामा भए पनि ल्याइएका र इच्छापूर्वक आएका व्यक्तिहरुको समूह त्यहाँ उपस्थित हुनेछ । बिस्तारै भए पनि जनजनमा पूर्वराजाप्रति सहानूभुति जाग्दै जानुको कारण वर्तमानका पुराना दलहरुका अकर्मण्यता नै हो । यो कुरा दलका नेतृत्वदेखि लिएर प्रत्येक दलका कार्यकर्ताहरुलाई जानकारी छ । यति हुँदाहुँदै पनि न त दलका नेतृत्वहरुमा सकारात्मक सोच पलाएको छ, न त कार्यकर्ताहरुमा । यो अवस्थासम्म आइपुग्दा पनि सकारात्मक परिवर्तनको लागि दृढ अठोट लिएर अगाडि बढ्न आँट गर्न सकेका छैनन् ।

पूर्वराजा ज्ञानेन्द्रले यो विषयलाई प्राय: आफ्नो भाषणमा जोडेर बोलिरहेका हुन्छन् तर त्यसको प्रत्युत्तरमा दलका नेतृत्वहरुले जनलक्षित कुराको सम्बोधन गरी कामले जवाफ फर्काउने कार्यमा लाग्नुको सट्टा पूर्वराजालाई धेरै बकबक नगर्न भन्दै ओठेजवाफ मात्र फर्काउने काम गरे र गरिरहेका छन् । यदाकदा यो वा त्यो नामबाट हुने गरेको एकता नाममात्रको हुन पुगेको छ । यस्ता अभिनय पहिला पनि देखिएकै हो, अहिले पनि देखिइरहेकै छ । निर्वाचनपश्चात् जे-जति झगडा गर्नुपरे पनि निर्वाचनमा अरु राम्राहरुले विशेष गरेर स्वतन्त्रहरुले सिट हत्याऊलान् भन्ने डरले चुनावी तालमेलको लागि मात्र यो वा त्यो नामको एकताको नाम दिई बारम्बार जनतालाई मूर्ख बनाइएको कुरामा प्रत्येक जन जानकार छन् ।

पूर्वराजाले आफ्नो राजपाठ जनताको नासो जनतालाई सुम्पिएँ भन्दै दरबारबाट पत्रकार सम्मेलन गरी बाहिरिए पनि उनको अभिलाषा पुन: राजसंस्था कायम भए हुन्थ्यो भन्ने मनको अन्तरकुन्तरमा छचल्किएको छचल्किएकै छ । एकातिर बेलाबलामा उनी आफ्नो त्यो आवाजलाई सञ्चारमाध्यममार्फत अभिव्यक्त गर्ने पनि गर्दछन् भने अर्कोतिर वर्तमान सत्ताधारीहरु आफ्नो गलत कामको कारणले कहिलेकाहीँ हुने पूर्वराजाको यस किसिमको सामान्य वक्तव्यले त्रसित हुन जाने गरेका छन् । पूर्वराजाले दलहरुको विरोध गर्नासाथ दलहरुमा झन्डै १० रेक्टरको भुइँचालोले छोएको अनुभूति राजनीतिक वृत्तमा देखा पर्न थालेको छ ।

पूर्वराजाले बेलाबेला दिँदै आएको वक्तव्यमा प्राय: राजदरबार छोड्ने कुरामा दलहरुसँग सम्झौता भएको अभिव्यक्ति दिँदै आइरहेका छन् । तर विडम्बना, दलहरु र आफूबीच के-के कुराको सम्झौता भएको छ भन्ने कुरा उनले अहिलेसम्म जनजनलाई जानकारी गराएका छैनन् । जनताको मनमा कसरी प्रवेश गनुपर्छ भन्ने चेत अझै पनि उनीमा पलाइसकेको छैन । प्राय: उनी जनताको सहयोग र समर्थन पाए राष्ट्रको नेतृत्व लिन आफू तयार भएको र त्यसको लागि उपयुक्त समय पनि आइसकेको धारणासमेत व्यक्त गर्छन् तर राजसंस्था त्याग्दा को-कोसँग कस्तो समझदारी भएर छोडेको हो भन्ने कुरा कहिल्यै जनजनलाई सूचित गराउँदैनन् । जनता सडकमा ओर्लेर बालुवाटार, सिंहदरबार, नारायणहिटी घेरिदिएर सिंहासनमा बसाइदिए जान्छु र नेतृत्व लिन्छु भन्छन् तर आफू पुन: गद्दीमा आसीन हुन सफल भएमा जनताको समस्या कसरी र कुन माध्यम अपनाएर सम्बोधन गर्ने भन्ने नीति कहिल्यै सार्वजनिक गर्दैनन् । उनको ठोस योजना केही छैन । दलहरुका आपसी लडाइँ, जनताको समस्याको बारेमा सम्बोधन गर्न दलहरुले गरेको कन्जुस्याइँ, दिनप्रतिदिन मौलाउँदै गइरहेको भ्रष्टाचार, कानुनी शासनको दयनीय अवस्था आदिलाई ध्यानमा राख्दै पूर्वराजा ज्ञानेन्द्र समय-समयमा सन्देश प्रवाह गर्ने त गर्छन् तर आफू सत्तामा पुगेपछि कसरी र कुन रणनीति अपनाएर सम्बोधन गर्ने त भन्ने बारेमा उनी चुइँक्क बोल्दैनन् ।

देशका दलहरुले पूर्वराजाको नेतृत्व लिने इच्छाप्रति तत्काल जनचासो नदेखिनुको कारणलाई पछिल्लो पटकसम्म वर्तमानमा देखिइरहेको दलीय विसंगतिहरुलाई जनताले स्वीकार गरेको छ भन्ने ठान्नु दलहरुको गलत ठम्याइ हुन पुगेको छ । पछिल्लोपटक पूर्वराजाको समर्थनमा देशमा विभिन्न भागमा भएको प्रदर्शन दलीय विसंगतिको उपज हो । प्रजातान्त्रिक अभ्यासमा वक्तव्य आउनु र केही समर्थकहरु सडकमा उत्रनु ठूलो कुरो होइन र समय-समयमा आइरहने यस किसिमका वक्तव्यहरु र प्रदर्शनलाई दलहरुले अन्यथा लिनुको साटो त्यसलाई सुझावको रुपमा ग्रहण गर्दै दलहरु आफू सुर अगाडि बढ्न सकेमा सम्भवत: यस किसिमको सन्देशमार्फत प्रवाह हुने प्रदर्शन स्वत: रोकिन पुग्दछ तर दूर्भाग्यवश त्यसो हुन सकिरहेको छैन ।

पूर्वराजा ज्ञानेन्द्र शाहको विगतको अवस्थालाई नियाल्दा पछिल्लोपटक शेरबहादुर देउवालाई अक्षम घोषणा गरी सत्ता आफ्नो हातमा कब्जा गर्दा जनस्तरबाट कुनै बाधा-विरोध भएको थिएन । त्यति बेला नै दलहरुप्रति जनताको विश्वास घटिसकेको थियो । राजाले शासनसत्ता आफ्नो हातमा लिँदा दलका केही नेताबाहेक राजाको विरोधमा जनता कोही सडकमा निस्केका थिएनन् । वरिष्ठ नेताहरुले प्रहरीको लाठी खाँदा पनि हजार जना मान्छे भेला हुन गाह्रो भएको थियो । दलहरुले छोटो अवधिमै गरेका जनविरोधी कार्यहरुले गर्दा राजाले शासनसत्ता हातमा लिएको जनताले ठिक्कै ठानेका थिए र त्यति बेला त्यस कार्यलाई मौन समर्थन जनाएका थिए । यसरी सत्ता प्राप्त गर्ने अवसर दलहरुले नै जुटाइदिएका राजा ज्ञानेन्द्रलाई । विडम्बना वा दुर्भाग्य जे भने पनि शासनसत्ता आफ्नो हातमा परेपछि जनताको वास्तविक समस्या सम्बोधन हुन्छ भन्ने विश्वास गरेका जनता त्यति बेला छाँगाबाट खसेजस्तो भए, जुन बेला पूर्वराजा ज्ञानेन्द्रले पुरानै शैलीमा शासन सञ्चालन गर्न प्रयत्न गरे ।

दलीय स्वार्थबाट अभिप्रेरित भई सत्ता सञ्चालन गरिरहेका दलहरुबाट वाक्क भई राजाले शासनसत्ता हातमा लिँदा पनि विरोध नगरी मौन समर्थन जनाएको अवस्थामा जनस्वार्थबाट अभिप्रेरित भई दलहरुलाई पनि साथ लिएर कानुनको शासन स्थापना गर्न सँगसँगै मिलेर राज्य सञ्चालन गर्छन् भन्ने आशामा रहेका जनता उल्टो राजाको एकलौटी शासन गर्ने नियतबाट त्रसित हुन पुगे । दलका केही नेताहरुको छाडापनलाई नियन्त्रण गरी अगाडि बढ्नुपर्नेमा दलहरुलाई नै छि:छि: र दूर:दूर: गर्ने प्रवृत्तिको विकास गरियो । न्यायपालिकालाई बलियो बनाई कानुनी शासनको प्रत्याभूति दिनुपर्ने ठाउँमा न्यायपालिकासँग द्वन्द्व बढाउने काम भयो ।

भ्रष्टाचार नियन्त्रण गर्ने नाममा शाही आयोगमार्फत आफूलाई मन नपरेका र रिस उठेका व्यक्तिहरुलाई प्रतिशोध साँध्ने काम भयो । त्यो बेला राजाबाट पञ्चायतकालीन शैली नै अपनाएर दललाई पूरै निषेध गर्ने कार्यको शुरुवात गरिएको थियो । त्यति बेला नेताहरुलाई धरपकडलगायत घरमै नजरबन्द राख्ने कार्यको थालनी पनि भएको थियो । यी कारणहरुले गर्दा जनताको मन पुन: दलीय नेतृत्वकै शरणमा फर्किन बाध्य भयो । क्षमता र विशेषता हासिल गरेका स्वतन्त्र व्यक्तिहरुलाई त्यस बेलाको दरबारिया प्रशासनले टेरपुच्छर नै लगाएन । कथंकदाचित केही व्यक्तिलाई बोलाएर सल्लाह लिएको जस्तो गरेको देखाइए तापनि तिनीहरुबाट प्राप्त सल्लाहहरु कुनै पनि कार्यान्वयन गरिएनन् । राजाले आफ्नो शासनकालमा छिमेकीहरुसँग पनि खासै असल सम्बन्ध विकास गर्न सकेनन्, जसको कारण अन्तत: राजतन्त्र नै विस्थापित गराउने निर्णय संसद्बाट पारित हुँदा राजतन्त्रप्रति समर्थकहरु जनजनले सुद्ध एक शब्द पनि विरोध नगरी राजतन्त्र विस्थापित भएको टुलुटुलु हेर्न बाध्य भएका थिए । जस्तोसुकै अवस्थामा पनि जनता नै शक्तिशाली हुन्छन् भन्ने कुरालाई अहिलेजस्तै गरी त्यो बेलामा आत्मसात् गर्न सकेको भए त्यति छिटो राजतन्त्र विस्थापित हुने नै थिएन । जनता जहिले पनि उच्च स्थानमै हुन्छ भन्ने कुरालाई प्राय: दलीय वा निर्दलीय जुनसुकै शासकहरु किन नहुन्, तिनीहरुले यो कुरालाई मनन गरेको पाइँदैन । सत्तामा पुगेपछि जनतालाई लात हान्ने काम शुरु गरिहाल्ने प्रथालाई कुनै पनि शासकहरुले कहिल्यै त्याग्न सकेनन् ।

यो पक्का हो कि अहिले पनि ठूला भनाउँदा दलहरुले जनमतको अपमान गरेकै हुन् । २० वर्षपछि भएको सबै तहको निर्वाचन दुई-दुईपटक सम्पन्न भइसक्दा पनि आफू-आफूबीच सत्ता हत्याउन तँछाडमछाड गर्नमै ध्यान केन्द्रित हुनु भनेको त्योजस्तो जनमतको अपमान अरु हुन सक्दै सक्दैन । स्थानीय निर्वाचनमा एउटा वडाको वडाध्यक्षमा उठ्न पचासौँ लाखभन्दा बढी खर्च गर्नुपर्ने अवस्था सृजना गराइनु भनेको चानचुने अपराध हुँदै होइन । पचासौं लाख खर्च गरेर निर्वाचन जित्ने वडाको जनप्रतिनिधिले जनताको समस्या कसरी सम्बोधन गर्न सक्छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा हुने खर्चको कुरै नगर्दा हुन्छ ।

सबैतिरबाट विश्वास गुमाइसकेका दलका सदस्यहरु र स्वयं पूर्वराजासमेतले समर्थन र सहयोग मागे पनि पहिलो कुरा अब आफ्नो तर्फबाट जनहित हुने कामको पूरा फेहरिस्त र योजना अनि त्यसप्रति दृढतापूर्वक लागिपर्ने प्रतिबद्धता र जनहित विपरीत यताउता लागेमा जनस्तरबाटै चालिएको कारबाहीको दायरामा आउन मञ्जुर गरिएको प्रतिबद्धता व्यक्त गरेर जनतामा जाने आँट गर्न सक्नुपर्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# कृषि नीति तथा कार्यक्रमले समेट्न बिर्सिएका विषय र कार्यान्वयन चुनौती

✍ लक्ष्मण गुरुङ

सरकारले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम भर्खरै सार्वजनिक गरेको छ । त्यसमा उत्पादन र रोजगार सृजनालाई प्राथमिकतामा राखेको छ । उत्पादनको क्षेत्रमध्ये कृषिलाई पनि प्राथमिकतामा राखेर कृषि दशकसमेत घोषणा गरेको छ । आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणलाई आधार बनाएर कृषिको विकास गर्ने नीति लिएको छ ।

जुन सन् २०५६ पछि राज्यले लिएको उदार अर्थनीतिको सिद्धान्तगत अवधारणासँग पनि जोडिएको छ । नीतिले ठूला व्यवसायिक घरानाको कृषि लगानीदेखि साना सीमान्तकृत किसानको कृषिलाई पनि प्रवर्द्धन गरी उत्पादनसँग जोड्ने जमर्को गरेको छ । सिंगो नीति तथा कार्यक्रम र कृषि दशक घोषणासँग जोडिएका मिश्रित विचार र प्रतिक्रियाहरू पनि आइरहेका छन् । जसमा पुरानै कुराको निरन्तरता भन्ने देखि उत्तम नीति सम्म भन्ने विचार मिसिएका छन् ।

यसरी विचार दिनेमा सत्तासँग जोडिएका र बाहिर रहेकाले अनुकूलन विचार व्यक्त गरेका छन् । पूर्वाधार निर्माण, सिँचाइ प्रबन्ध, प्रविधि जडान र सूचना प्रणाली मार्फत कृषिको विकास गरी आत्मनिर्भर कृषि, आयात घटाउने , आन्तरिक उत्पादनमा वृद्धि, कृषि विकासका लागि तीनै तहको सरकारको साझेदारी सहभागिता पनि खोजिएको छ । त्यस्तै अर्को तर्फ उत्पादनलाई बजारसँग जोड्ने र कृषि इकोसिस्टम सुधारको कुरा प्राथमिकतामा पारिएका छन् । जसका लागि स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहितको सुखी नेपाली भन्ने विकास मन्त्र पनि जोडिएको छ । स्टार्ट अप कार्यक्रममार्फत कृषि र अन्य क्षेत्रको विकासमा युवा सहभागिता पनि खोजिएको छ । पूँजी निर्माण र लगानी सुनिश्चितताको लागि आन्तरिक र बाह्य लगानी भित्र्याउन वातावरण सुधार गर्ने कुरा पनि नीति तथा कार्यक्रममा परेका छन् ।

मलखादको उचित प्रबन्ध, कृषि उत्पादनका साधनमा किसानको पहुँच लगायत पूँजी, प्रविधि, मेसिन, बीउ, मानव स्रोत, बैंकिङ सहयोग, भूगोल व्यवस्थापन, पूर्वाधार, भण्डारण अवस्था आदिको व्यवस्थापनसहित कृषि पूर्वाधार निर्माण पनि समेटिएका छन । सरसर्ती हेर्दा आधुनिक कृषि प्रणाली मार्फत कृषि वस्तुको व्यवसायिक उत्पादन गर्न आवश्यक पर्ने उत्पादन, व्यवसाय र बजारसँग जोडिएका विषय समेटिएका छन् । जुन समेटिनु पर्थ्यो ।

तर मिश्रित प्रतिक्रिया, सैद्धान्तिक पक्ष, वास्तविक किसान र कृषिको अवस्था, यस अगाडीका आर्थिक वर्षमा समेटिएका नीति र तिनको कार्यान्वयन, भौगोलिक अवस्था, राष्ट्रको स्रोत, नीति र कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र यसको परिचालन गर्न आवश्यक मानवीय र प्रविधिगत अवस्था, युवाको सहभागिता, आकर्षण र आकर्षण बढाउन राज्य र समाजको तर्फबाट भए गरेका प्रयास, युवाको वैदेशिक रोजगारीमा दैनिक हुने गरेको स्थानान्तरण, निर्मित पूर्वाधार, उत्पादन हुने वस्तुको तात्कालिक र दीर्घकालीन सम्भावित उपभोक्ता र बजार, अन्तराष्ट्रिय कृषि वस्तुको बजारको स्थानीय बजार सँग जोडिएको सम्बन्ध र यसका प्रभाव, कृषि विज्ञको अवस्था र कृषि दशकसँग जोडिएर आउने कृषि विकासको लागि गरिएका र आवश्यक पर्ने अध्ययन, अनुसन्धान, बीउ , स्थानीय तहमा मौजुद्धा कृषि प्राविधिक, तिनको स्थानीय तहले परिचालन गर्न सक्ने खास सामर्थ्य, मूल्य र गुणस्तरमा हुने आन्तरिक र बाह्य प्रतिस्पर्धा, भूमिको उपलब्धता र स्वामित्व, जलवायु परिवर्तनका कारण कृषिमा परिरहेको असर र आगामी दिनमा पर्न सक्ने सम्भावित जोखिम र यसको न्यूनीकरणका उपाय, यसका लागि विश्व समाजसँग जोडिएर गर्नुपर्ने जलवायु परिवर्तन न्यूनीकरणका उपायको कार्यान्वयन र त्यसका लागि आवश्यक पर्ने स्रोत र पछिल्लो समय विश्वका गरिब र विकशिल देशमा अप्रत्यक्ष रुपमा महिलामाथी थपिन गइरहेको कृषि र कृषि शिक्षाको अवस्थालाई समेत विस्लेषण गरेर हेर्नु पर्ने हुन्छ ।

तर कृषि दशक घोषणा गरी रहँदा र यसलाई कृषि विकासको आधार मान्ने हो भने वस्तुगत रुपमा यो नीति तथा कार्यक्रम पुरानै कार्यक्रमको निरन्तरता जस्तो नै देखिन्छ भने अध्ययन र अनुसन्धान पनि नपुगेको र यो तयारी बिना नै ल्याइएको हो कि भन्ने कुरामा कृषि गर्दै गरेका किसान,कृषि पढ्दै गरेको विद्यार्थी र कृषिमा बौद्धिक तबरले बुझ्न र यसको सम्भावित निकास दिन खोज्ने अनुसन्धानकर्ता अध्ययता लाई कार्यान्वयन र यसको परिणामको सवालमा शंका गर्ने ठाउँ दिएको छ । किन भने नेपालमा कृषि विकास र विस्तारसँग जोडिएर नीति धेरै नै वर्षौं देखि बन्दै आएको छ । जुन सन् १९५६ यता विकास रणनीति र पञ्च वर्षीय विकास योजनामा पनि समेटिदै आएको छ । त्यस बेलादेखि हाल सम्म कृषि विकासको लक्ष्य भनेकै उत्पादन वृद्धि गर्ने, खाद्यान्नमा आत्मनिर्भर बढाउने, कृषि वस्तुको निर्यात वृद्धि गरी आयात घटाउने, रोजगारी निर्माण गर्ने, कृषिमा युवाको सहभागिता बढाउने र देश आर्थिक विकासको आधार कृषिलाई बनाउने नै रहँदै आएको छ ।

आज सम्म कृषि विकास र उत्पादनमा गरिएका प्रयास, लगानी प्रतिफल अनि प्रत्येक वर्ष बढ्दै गइरहेको कृषि वस्तुको आयातदर, कृषि उत्पादनमा आइरहेको ह्रास, युवाको घट्दो आकर्षण, आजसम्म कृषि क्षेत्रमा निजी क्षेत्र र वैदेशिक लगानीकर्ताले गरेको लगानीदर, अब लगानी आउने आधार र त्यसको लागि राज्यले लिएको नीति, मौजूदा कृषि ऐन प्रक्रिया आदि हेर्दा पनि नीतिमा उल्लेख गरे पनि काम गर्ने चुनौती प्रशस्त रहेका छन् भने नीतिले सीमान्तकृत, महिला, जेष्ठ नागरिक र आदिवासी समुदायको कृषिमा संलग्नता जोगाउन र वृद्धि गर्न लिएको नीति प्रष्ट नहुँदा यो समुदाय र वर्गको समावेशी सहभागिता र कृषि पेशाको सुरक्षा कस्तो होला भन्ने पनि देखाएको छ किन भने कृषि विकासको लागि आवश्यक पर्ने भनेकै प्रविधि, कृषि श्रम र श्रमिक, जमीन र त्यसपछि जोडिने उत्पादन हैसियत र पहुँच मुख्य हुन जान्छ ।

अर्को बिर्सन नहुने विषय र आधार भनेको कृषि वस्तुको उत्पादनको सम्भावित बजार र उपभोक्ता हुन भने ती दुई कुरासँग जोड्नुपर्ने कुरा प्रतिस्पर्धा र मूल्य नै हो । यसमा साना किसान, महिला किसान, जेष्ठ किसान, सीमान्तकृत किसान, आदिवासी किसानको पहुँच र बजार सुरक्षा कस्तो हुने र यसमा राज्यको सहयोग कस्तो रहन्छ भन्ने पनि जोडिएको छ । भने उत्पादित कृषि वस्तुको उपभोक्ता आन्तरिक हुने र निर्यात गर्ने भनी उत्पादन गरिने कृषि वस्तुको सम्भावित उपभोक्ता र बजार कुन देशलाई छनौट गर्ने हो ? र आजसम्मको हाम्रो तयारी र अध्ययन, आवश्यक अवस्था कस्तो छ ? त्यो पनि ध्यान दिनुपर्ने हुन्छ । साथै त्यसमा नेपालले स्वीकार गरेको र सहभागी भएको व्यापार नीति र द्रूत गतिमा विश्व समाजमा परिवर्तन भइरहेको खाद्यान्न संस्कृति, रोजाइ र बुझाइलाई कत्तिको सन्तुलित गर्दै लैजान खोजेका छौं ? त्यो पनि प्रमुख रहन्छ ।

यसको अर्थ यो होइन कि आजसम्म भएका कृषि विकासका प्रयास असफल छन् । आजसम्म राज्यले अंगिकार गरेको कृषि विकासको रणनीति र प्रतिफलको कारण नै ग्रामिण भेगमा पोषणको दर सुधारिएको छ । स्वास्थ्य पहुँच सहज बनेको छ । शिक्षाको दर वृद्धि भएको छ । स्थानीय आयमा वृद्धि हुँदा सम्पत्ति माथिको पहुँच बढेको छ । सूचना र सञ्चारको पहुँच वृद्धिमा सहयोग पुऱ्याउन सहयोग पुगेको छ । जसको कारण ग्रामिण न्याय र चेतनामा जोडिन सघाएको छ । प्रत्येक नागरिक सचेत भएको छ । परिवारमा कृषिबाट भएको आम्दानीको कारण छनौट स्वतन्त्रता बढेको छ । आज भन्दा दश वर्ष पहिलाको अवस्था र आजको अवस्थामा आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक र न्यायिक अवस्थामा व्यापक सुधार गर्न यही कृषिको विकासले मद्धत गरेको छ ।

त्यसो हो भने भएको के त भन्ने प्रश्न आउँछ । किन भने कृषि नीतिका कारण नै यो उपलब्धि हासिल भएको छ भने कमजोरी कहाँ रह्यो त ? यति उपलब्धि र सुधार हुँदा हुँदै पनि आजसम्म अपनाइएको कृषि रणनीति र नीति अनुसार कृषिको दिगोपन जोड्न नसक्दा, बदलिएको कृषि उत्पादन प्रणालीलाई समयअनुसार सहज रुपमा अवलम्बन गर्न नसक्दा, युवा नै कृषि उत्पादनको प्रमुख आधार हो भन्ने बुझेर कृषिलाई सामाजिक र शैक्षिक अध्ययनसँग अनुकूलन बनाउन नसक्दा, सामाजिक तहबाट कृषिको विकास र युवाको सहभागिता सम्बन्धमा निर्माण भएका सामाजिक भास्य चिर्न नसक्दा, कृषि उत्पादनका लागि आवश्यक पर्ने जमिनको रूपरेखा र संरचना सुधार गर्न नसक्दा, बजार र बजारको दूरी अनुसारको बाली छनौट गर्न नसक्दा, आवश्यक पूर्वाधार समयमै निर्माण गर्न नसक्दा, स्वदेशी कृषि वस्तुको लागि आवश्यक बजारलाई विश्व बजारका कारण देखिएका समस्या हल गर्ने प्रयास नगर्दा र जमिनको खण्डीकरण र फरक प्रयोगलाई निरुत्साहित गर्न नसक्दा नेपालको कृषिले सोचे अनुसार र लगाएको र अपनाएको प्रविधिले दिन पर्ने उत्पादकत्व अन्य देशको तुलनामा दिन नसक्दा नै आज कृषि सोचे अनुसार अगाडि बढ्न नसकेको हो ।

यसर्थ नेपालको कृषिलाई लिएको नीति अनुसार कार्यान्वयन गरी कृषि विकास गर्दै कृषि अर्थतन्त्रको प्रमुख आधार बनाउने र ग्रामिण बसाई सराई रोक्दै जाने हो भने ग्रामिण भेगको शैक्षिक अवस्था,पहुँच र गुणस्तर शहरी शिक्षा सरह सुधार गर्नु पऱ्यो । स्वास्थ्य र आर्थिक अवसर निर्माण र समय अनुसार चल्न सक्ने आय निर्माण हुने अवस्था निर्माण गर्नु पर्दछ । स्वास्थ्य सेवालाई भरपर्दो बनाउन पर्दछ ।

*(साभार: ई-कागज)*

# संसदमा रविको जवाफ कम धम्की धेरै



काठमाडौं/दुई महिनादेखि प्रतिनिधिसभामा आफूमाथि लागेको आरोपको जवाफ दिन पाउनुपर्ने माग गर्दै आएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आइतबार बोल्ने अवसर पाए । करिब ४० मिनेट सम्बोधन गरेका उनले आफूमाथि उठेका प्रश्नको जवाफ भन्दा बढी प्रश्न गर्नेहरुमाथि प्रश्न गरे ।

२१ फागुन २०८० मा कांग्रेस र माओवादी केन्द्रसहितको सत्ता समीकरण फेरिएपछि रास्वपा सभापति लामिछाने फागुन २३ गते गृहमन्त्री भएका थिए । त्यसपछि कांग्रेसले सहकारीको रकम अपचलनमा लामिछाने जोडिएको भन्दै संसदीय छानबिन समिति गठनको माग राखेर संसद अवरोध गर्दै आएको थियो । २ चैत २०८० देखि त कांग्रेसले लामिछानेलाई प्रतिनिधि सभाको रोष्ट्रममा जान समेत अवरोध गर्दै आएको थियो ।

आइतबार कांग्रेस सहमत भएपछि संसदमा जवाफ दिएका उनले आफूमाथि राज्यका निकायले कहीं कतै छानबिन, अनुसन्धान र अभियोजन नगरेको जिकिर गरे । 'सहकारीको विषयमा अदालतमा कहींकतै मुद्दा छैन । मैले बारम्बार भन्दै आएको छु-कहीं, प्रतिवादी छैन । कसैको बयानले मलाई पोलेको छैन' गृहमन्त्री लामिछानेको प्रष्टीकरण छ, 'केही ज्ञापनपत्र पनि आएका छन्, त्यसमा पनि मेरो नाम छैन ।'

उनले आफू कुनै पनि सहकारीको सञ्चालक र सदस्य नभएको दाबी गरे । आफूमाथि आरोप लागेपछि त्यसबारे प्रष्ट हुनका लागि महान्यायाधिवक्ता कार्यालयमा चिठी लेखेको र त्यसआधारमा पत्र पाएको उल्लेख गर्दै उनले भनेका छन्, 'उसले मलाई कहींकतै मुद्दा नभएको, अभियोग नभएको पत्र दियो ।'

आमसञ्चार माध्यममा समाचार आएकै भरमा आफूमाथि संसदीय छानबिन गर्न नहुने भन्दै उनले त्यसो हो भने अरु नेताहरुको विषयमा पनि आमसञ्चार माध्यममा समाचार आएको बताए ।

**"देउवाबाट प्रधानमन्त्री प्रस्ताव"**

आइतबार संसदको रोष्ट्रममा उभिएर गृहमन्त्री लामिछानेले आफूलाई कांग्रेस सभापति शेरबहादुर देउवाले डेढ वर्ष प्रधानमन्त्री बन्न अफर गरेको बताए ।

लामिछानेले देउवालाई लक्षित गर्दै सोधे, 'हिजो मलाई डेढ वर्ष प्रधानमन्त्रीका रुपमा स्वीकार गर्ने अफरको डेट एक्सपाएर भयो कि अझै बाँकी छ ? त्यसपछि म आफ्नो नैतिकताको परीक्षा दिउँला ।'

देउवाले गरेको प्रधानमन्त्रीको प्रस्ताव अस्वीकार गरेपछि कांग्रेसले संसद अवरोध गर्न थालेको लामिछानेले बताए । 'राति प्रधानमन्त्रीको अफर अनि अफर अस्वीकार गरेपछि भोलिपल्ट सदन अवरुद्ध ? संसदीय समितिको माग ? यो राजनीतिको नैतिकताको कुन चाहिँ पृष्ठमा पर्दो रहेछ ?' उनले सोधे ।

**गगन थापामाथि आरोप**

गृहमन्त्री लामिछानेले कांग्रेस महामन्त्री गगन थापाले त्रिचन्द्र क्याम्पसको स्ववियु सभापति हुँदा रकम हिनामिना गरेको, कृषि अनुदानको रकम दुरुपयोग गरेको जस्ता विषय पनि आमसञ्चार माध्यममा आएको बताए ।

'कृषि अनुदानको रकम हिनामिना गरेर कुखुरा, माछा, खसीबोका, बाख्रा पाल्नेलाई पनि बाहिर पठाऔं । दुईतीन वटा नागरिकता बोक्नेलाई मात्र होइन, एउटै नागरिकता र पासपोर्ट बोक्ने, तर देशका गोप्य सूचना विदेशीलाई बेच्ने एजेन्ट र एसेट्सलाई पनि बाहिर पठाऔं, संसदबाट हटाऔं । जतिसुकै शक्तिशाली होस्, देशको मन्त्री होस् वा पार्टीको महामन्त्री किन नहोस्', लामिछानेले भने ।

कांग्रेस महामन्त्री थापाले गृहमन्त्री लामिछानेले आफैंले निवेदन दिएर ऋण लिएको प्रमाण आफूसँग रहेको बताएका थिए । जवाफमा लामिछानेले त्यसको प्रमाण किन नदिएको भनी प्रश्न गरे ।

"मैले प्रमाण पाएको छैन । चिन्ता नगर्नुहोस् । तपाईंले र जनीति छोड्नुपर्दैन । किनभने तपाईंजत्तिको नेता यो देशलाई चाहिन्छ भनेर नै हामीले आज होइन धेरै पहिले नै विचार गरेका हौं' लामिछानेले भने ।

**"अरूको छानबिन भए म पनि तयार छु"**

गृहमन्त्री लामिछानेले कांग्रेस नेताहरुप्रति लक्षित गर्दै सञ्चार माध्यममा आएका केही विषयमा छानबिन समिति गठन गर्ने हो भने आफू पनि तयार भएको बताए ।

उनले त्रिचन्द्र कलेजमा पार्क निर्माण, त्रिविको वेबसाइट निर्माण, रातो पासपोर्टको दुरुपयोग, वाइटबडी जहाज खरिद, नक्कली भुटानी शरणार्थी, कैलालीको टीकापुर बजारको जग्गाका विषयमा आएक समाचारहरु माथि पनि छानबिन गर्नुपर्ने जिकिर गरे ।

उनले गगन थापाप्रति लक्षित गर्दै स्वास्थ्यमन्त्री भएका बेला सरुवामा रकम लेनदेन गरेको विषय पनि पत्रपत्रिकामा आएको बताए ।

'स्वास्थ्यमन्त्री भएका बेला १४ करोड लिएर कसैले प्राध्यापक राजकुमार रौनियारलाई विपि स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति बनाएको र पैसा बुझाउनुपर्ने भन्दै आएका दावीहरु पनि समाचारमा प्रशस्त आएका थिए' गृहमन्त्री लामिछानेको प्रश्न छ, 'आगामी दिन यस्ता विषयमा पनि समिति बनाउने हो कि होइन ? यो सदनले तय गरोस्, सुरु मबाट गरोस् ।'

वाइडबडी जहाज खरिद प्रकरणको विषय उठाउँदै रविले भने, 'वाइडबडी जहाज घोटाला प्रकरणमा ०७४ सालमा भुक्तानी दिँदा पर्यटनमन्त्री कोही हुनुहुन्थ्यो । अर्बौंको घोटालामा मुछिनु भएको समाचार आएको थियो ।'

नक्कली भुटानी शरणार्थी प्रकरणमा कतिपय नेताको अडियो सार्वजनिक भएको पनि उनले बताए ।

त्यस क्रममा लामिछानेले राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीबारे २०७६ सालमा प्रकाशित एक समाचारको पनि प्रसंग उठाए ।

'तीनपटक सांसद भएका एक जना सांसदले आफू संविधानसभाको सभासद भएको बेलामा कानुन छलेर जेठा छोराका दुई छोरा, नामसमेत उल्लेख गरेर कान्छा छोराका छोरा बनाइदिएका हुन्', लामिछानेले भने ।

भृकुटीमण्डपस्थित फनपार्कको जग्गा सस्तोमा भाडामा दिएर भ्रष्टाचार गरेको मुद्दामा नेपाली कांग्रेस सांसद टेकबहादुर गुरुङ दोषी ठहर भएको सुनाउँदै लामिछानेले उनी संसदमै नाराबाजीमा सहभागी भएकामा प्रश्न उठाए ।

'काण्डैकाण्डले पुरिएका पात्रहरू यतै कतै हुनुहुन्छ होला । खोतल्दै जाँदा क्याम्पसका लुट र अस्पतालका घुस नआउने होइनन् । तर इर्ष्या वा जलनमा सबैलाई छानबिनमा ल्याउने र डाम्ने विधि बनाउने हो कि नबनाउने हो यसबारे स्पष्ट हुन मात्रै मैले खोजेको हो', लामिछानेले भने ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की'का लागि १० केजी घटेका आर्यन



काठमाडौं/अभिनेता आर्यन सिग्देलको लभर ब्वाईको छवि बनेको छ । डेब्यु फिल्म 'किस्मत'देखि उनले रोमान्टिक भूमिकामै बढी काम गरे र त्यसैमा रुचाइए । नयाँ फिल्म 'पूजार सार्की'मा पनि उनको भूमिका रोमान्टिक नै देखिन्छ । तर, उनको चरित्रचित्रण र लुक्स अलग छ । यसमा उनले पूजारीको भूमिका निभाएका छन्, जसको कथित तल्लो जात (सार्की)की युवती अञ्जना बराइलीसँग माया बस्छ ।

२०४६ सालको परिवेशमा निर्माण भएको फिल्मले जातीय विभेदविरुद्ध तीन पात्रले गर्ने संघर्षको कथा भनेको छ । यही जेठ १० गते (बुद्ध जयन्ती)बाट प्रदर्शनमा आउन लागेको यो फिल्मका लागि आर्यनले १० केजी तौल घटाएका थिए । निर्देशक दिनेश राउतले उनलाई तौल नघटाएसम्म फिल्मै नबन्ने अडान राखेका रहेछन् । त्यसपछि उनले दुई महिनामै ८३ केजीबाट ७३ केजी तौल बनाए ।

'फिल्मको चरित्रका लागि मैले तौल घटाउनैपर्ने थियो । निर्देशकले मलाई स्क्रिप्ट तयार नहुँदासम्म र तिमीले तौल नघटाएसम्म फिल्म नै बन्दैन भन्नुभएको थियो । त्योबेला मसँग २ महिना समय थियो । मैले १० केजी तौल घटाएँ,' उनी भन्छन्, 'मेरो ज्यान अचम्मको छ । स्वाट्टै बढ्छ पनि अनि स्वाट्टै घट्छ पनि । फिल्मको छायांकन नहुँदा चाहिँ म 'एक्सरसाइज' पनि गर्छु अनि राम्रैसित खान्छु पनि ।'

'पूजार सार्की'को चरित्र आफ्नो लागि एकदमै चुनौतीपूर्ण रहेको उनको अनुभव छ । 'मैले एकखालको क्यारेक्टर गर्दै आएको थिएँ । 'पूजार सार्की'मा भाषा र लवज नै बेग्लै थियो । लुक्स फरक थियो । 'एक्टिभ' पनि हुन नपाइने । भित्रैबाट दबेको क्यारेक्टर हो मेरो । ऊभित्र एउटा द्वन्द्व चलेको छ, त्यसले आफैंलाई गलाएको छ । त्यो क्यारेक्टरमा बसेर काम गर्न असाध्यै गाह्रो भयो,' उनले भने ।

'पूजार सार्की' किन हेर्ने भन्नेमा पनि आर्यन स्पष्ट छन् । उनको बुझाईमा फिल्म हेर्ने एउटा महत्वपूर्ण कारण भनेको यसको विषय हो । 'फिल्मले जुन विषय उठाएको छ, त्यो सबैले हेर्न जरुरी छ । ३५-४० वर्ष अगाडि समाजको अवस्थिति कस्तो थियो भन्ने थाहा हुन्छ । इतिहास बुझ्न पनि यो फिल्म हेर्नुपर्छ,' उनको कथन छ । यसमा आर्यनसँगै प्रदीप खड्का र पल शाह पनि मुख्य भूमिकामा छन् ।

# चलचित्र पत्रकार गौतम 'डी सिने अवार्ड'मा पुरस्कृत




काठमाडौं/चलचित्र पत्रकार मणिराज गौतम 'डी सिने अवार्ड'मा पुरस्कृत भएका छन् । शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा उनलाई १५ हजार रुपैयाँ राशीसहित 'छायाँछवि चलचित्र पत्रकारिता पुरस्कार'बाट पुरस्कृत गरिएको हो ।

चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, अभिनेत्रीद्वय भुवन चन्द र बसुन्धरा भुसाल तथा संगीतकार शम्भुजीत बाँस्कोटाले उनलाई पुरस्कार हस्तान्तरण गरे ।

मोफसलमा विधागत पत्रकारिताको विकास गर्न महत्वपूर्ण भूमिका खेलेका मणिराज नेपाल पत्रकार महासंघ, मकवानपुर शाखाका अध्यक्ष हुन् भने चलचित्र पत्रकार संघ नेपाल, मकवानपुर शाखाको पूर्व अध्यक्ष समेत हुन् । गौतमले करिब एक दशक फिल्मीखबर डटकमको मकवानपुर रिपोर्टरको रुपमा समेत काम गरेका थिए । उनले यसअघि पनि थुप्रै पुरस्कार र सम्मान पाइसकेका छन् ।

पत्रकार गौतमसँग फिल्म निर्माण तथा अभिनयको पनि अनुभव छ । 'माया त मायो हो' र 'बडिगार्ड' फिल्ममा उनले अभिनय गरेका छन् भने 'कपिला' र 'मन मनै मन पराएँ' गरी दुईवटा फिल्मको निर्माणमा सहकार्य समेत गरेका थिए । गौतमले आफूले पुरस्कार पाउँदा काठमाडौंबाहिर बसेर विधागत (चलचित्र) पत्रकारितामा सक्रिय पत्रकारहरुलाई प्रोत्साहन मिल्ने विश्वास व्यक्त गरेका छन् ।

# संविधान संशोधनमा प्रवेश गर्‍यो नेपाल बार



काठमाडौं/राजधानीमा तीन दिनदेखि जारी अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनमा कार्यपालिकाको स्थिरता, न्यायालयको संरचनागत सुधार, निर्वाचन प्रणालीको पुनरावलोकन बहसले प्राथमिकता पाएको छ ।

यीनै विषयमा केन्द्रित भएर संविधान संशोधन हुनुपर्ने मागसहित कानुन व्यवसायीहरुको राष्ट्रिय सम्मेलनले आइतबार अबेर काठमाडौं घोषणापत्र जारी गरेको छ । संविधान जारी भएको नौ वर्षमा संविधान संशोधनको विषयलाई औपचारिक एजेण्डा बनाएर अवधारणा पत्र सार्वजनिक भएको सम्भवत: यो पहिलो घटना हो ।

न्यायपालिकाको संरचनागत सुधारबारे अध्ययन गरी प्रतिवेदन पेश गर्न बनाइएको समितिमा सदस्य रहेका वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीले संघीयता लागू भइरहेपछि समेत अति केन्द्रिकृत संरचना, बढ्दो राजनीतिक हस्तक्षेप नियन्त्रण गरेर न्यायपालिकालाई स्वतन्त्र राख्ने सवालमा छलफल भएको बताए ।

'सम्मेलनमा पेश भएको अवधारणापत्र हेरियो भने न्यायपालिकाको संरचनागत सुधारमा बहस सुरु ढिलाइ गरिनुहुँदैन भन्ने हाम्रो निष्कर्ष हो', उनले भने, 'संविधान कार्यान्वयनका दौरान आठ वर्षमा जे जस्ता अड्चन व्यहोर्नुपर्‍यो, तिनलाई सम्बोधन गर्नेगरी पुनर्संरचना हुनुपर्छ भनेका छौं ।'

संविधान र कार्यान्वयनको पक्षको विषयमा अवधारणा अघि सार्दै संयोजक वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले संविधान कार्यान्वयनमा बाधक देखिएका प्रावधानबारे बहस हुनुपर्ने उल्लेख गरेका छन् । अवधारणापत्रमा कतिपय संवैधानिक प्रावधानहरु संविधान कार्यान्वयनमा अवरोधको रुपमा रहेकाले त्यस्तो अवस्था अन्त्य गरिनुपर्ने उल्लेख छ ।

खर्चिलो र महंगो निर्वाचन प्रणालीको सुधार, समानुपातिक प्रणालीमा देखिएको विकृति अन्त्य, अस्थिर राजनीतिक अवस्थाको नियन्त्रणजस्ता अवधारणामा छलफल गरेको बारले घोषणापत्रमा समावेश गरेका सुझावहरु संविधान संशोधनपछि मात्रै कार्यान्वयन हुने खालका छन् । कार्यपालिका र व्यवस्थापिकाका सवालपछि बारले न्यायपालिकाको संरचनागत सुधारको एजेण्डालाई प्राथमिकताका साथ अघि सारेको छ । केही वर्षयता सर्वोच्च अदालतमा हुने न्यायाधीश नियुक्तिमा राजनीतिक हस्तक्षेप र प्रधान न्यायाधीशको रोलक्रममा राजनीतिक सौदाबाजी हुने गरेको छ ।

न्यायालयमा राजनीतिक हस्तक्षेप बढेको भन्दै बारले न्यायाधीश नियुक्तिको न्यूनतम उमेर र पदावधिबारे बहस अघि बढाएको छ । उसले न्यायाधीशको हकमा संसदीय सुनुवाइसमेत अन्त्य गरिनुपर्ने भन्दै विकल्पमा संवैधानिक परिषद र न्यायपरिषदले नै उजुरी मागेर छानबिन गर्नुपर्ने प्रस्ताव अघि बढाएको हो । संवैधानिक पदाधिकारीहरुको नियुक्तिमा प्रधानन्यायाधीश बारम्बार विवादमा मुछिने र प्रधानन्यायाधीश संलग्न संवैधानिक इजलासले नै त्यसको निरुपण गर्नुपर्ने अवस्था निम्तिएपछि बारले प्रधानन्यायाधीश बिनाको संवैधानिक परिषदमाथि बहस चलाएको हो ।

सयौं मुद्दा थुप्रिएको सर्वोच्च अदालतको संवैधानिक इजलास नियमित रुपमा सञ्चालन हुन सकेको छैन । बारले त्यसलाई नियमित संरचनाको रुपमा विकास गर्नुपर्ने भन्दै प्रधानन्यायाधीश विना पनि संवैधानिक इजलास गठन गर्न सकिने अवधारणा बहसमा ल्याएको छ । कानुन व्यवसायीहरुको सम्मेलनमा संवैधानिक इजलासकै अध्यक्षको छुट्टै नियुक्ति गर्न सकिने प्रस्तावमाथि समेत छलफल भएको छ ।

राजनीतिक आस्था र भागबण्डाका आधारमा न्यायपरिषदको सदस्य बन्ने कानुनविदहरुले त्यो पदलाई सर्वोच्च अदालत जाने भऱ्याङ बनाउन खोजेपछि बारले ६५ वर्ष कटेकाहरुलाई मात्रै सदस्य बनाउनुपर्ने अवधारणामा बहसको सुरुवात गरेको छ । ६५ वर्ष पुगेका व्यक्तिहरु सर्वोच्च अदालतको न्यायाधीश हुन पाउँदैनन् । यी बाहेक बारले सर्वोच्च अदालतको क्षेत्राधिकार घटाएर सीमित र महत्वपूर्ण मुद्दा मात्रै सुनुवाइ गर्नुपर्ने प्रस्ताव गरेको छ । उच्च अदालतको अधिकार क्षेत्र विस्तार गरेर न्यायपालिकालाई पनि संघीयताको अवधारणा अनुसार विकेन्द्रीकरण गर्नुपर्ने विषयले सम्मेलनमा प्रवेश पाएको छ ।

न्यायालयसँग प्रत्यक्ष नजोडिने तर न्यायपालिकाको स्वतन्त्रतासँग अर्थ राख्ने विषय पनि बहसमा आएको छ । बारले सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीशले मुद्दाहरुमा मध्यस्थता गर्न पाउनुपर्ने वकालत गरेको छ । उसले विशिष्टीकृत अदालतको विस्तारदेखि महाभियोग पछिको निलम्बनको प्रावधानमाथि समेत बहस थालेको छ ।

अध्ययन समितिका सदस्य एवं पूर्वमहान्यायाधिवक्ता मुक्तिनारायण श्रेष्ठ सम्मेलनले दुई सवाललाई मूलभूत रुपमा उठाउन खोजेको बताउँछन् ।'एकातिर न्यायपालिकामा राजनीतिक हस्तक्षेप बढ्दो छ, त्यसबाट अलग गरेर न्यायपालिकालाई स्वतन्त्र बनाउन संविधानमा केही न केही सम्बोधन हुनुपर्छ भन्ने हाम्रो सुझाव हो', उनले भने, 'अर्कोतर्फ मुलुक संघीयतामा गएपछि राज्यका संरचना र संयन्त्रहरु केन्द्रित भए । नागरिकले महसुस गर्नेगरी तिनलाई सम्बोधन गर्नुपर्छ भन्ने अर्को विषय हो ।'

*(स्रोत: अनलाइनखबर)*

# सेयर बजारमा उत्साह मौद्रिक नीति समीक्षाको प्रभाव हो ?

काठमाडौं/नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई सेयर तथा अन्य धितोपत्रमा लगानी बिक्रीका लागि सहज नीति बनाइदिँदा सेयर बजारमा उत्साह देखिएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत बैंकहरूले सेयरसहितका अन्य क्षेत्रमा गरेको लगानीबाट बाहिरिन सहज नीति बनेको छ ।

बैंक तथा वित्तीय संस्थाहरूले १ वर्ष अवधि व्यतित भइसकेको लगानीबाट एक आर्थिक वर्षमा प्राथमिक पूँजीको २० प्रतिशतसम्म बिक्री गर्न पाउने व्यवस्था समीक्षामा गरिएको छ ।

नयाँ व्यवस्थाले चाहेका बेला बैंकहरूले पर्याप्त रकमको सेयर तथा अन्य लगानी बिक्री गर्न सक्ने छन् । यस अघिसम्म १ वर्ष व्यतित भइसकेको लगानीबाट प्राथमिक पूँजीको १ प्रतिशत मात्रै बेच्न पाइने व्यवस्था थियो ।

यो व्यवस्थालाई लिएर सेयर बजारमा दुई किसिमका बुझाइ रहेका छन । एकपक्षले अब बैंकहरूले ठूलो मात्रामा सेयर बेचेर बाहिरिन्छन्, उनीहरूलाई धेरै सेयर बेच्नका लागि बाटो खुल्यो भनिरहेका छन् । अर्को पक्षले बैंकहरूलाई सेयर बिक्रीका लागि सहज भइसकेपछि अब खरिद बढाउँछन् भनिरहेका छन् ।

नयाँ व्यवस्थापछि खुलेको पहिलो दिनको बजार २.६३ प्रतिशत (४५.६९ अंक) बढ्यो भने कारोबार पनि उल्लेख्य ५ अर्ब २५ करोडको भयो । पहिलो दिनको बजारलाई हेर्दा लगानीकर्तामा उत्साह देखिन्छ ।

आइतबारको बजारले आपूर्तिभन्दा माग बढेको देखाउँछ । यद्यपि पहिलो एक दिनको बजारलाई हेरेर मात्रै विश्लेषण गर्न हतार हुनेछ । बैंकहरूले पहिले सेयरमा गरेको लगानी न्यून रहेकाले नयाँ व्यवस्थापछि आपूर्ति नभई माग नै बढ्ने सेयर लगानीकर्ता संघ नेपालका कार्यवाहक अध्यक्ष ताराप्रसाद फुल्लेलले बताए ।

'जुनसुकै लगानीमा इन्ट्री र इक्जिट महत्वपूर्ण हुन्छ, इन्ट्रीमा यसअघि पनि कुनै समस्या थिएन, अहिले पनि छैन, इक्जिटमा भएको समस्या समाधान हुनुले प्रोत्साहन नै गर्छ,' उनले भने । बैंकहरूले पहिले किनेको सेयर केही महँगो पनि रहेकाले एभरेजिङ गर्न पनि नयाँ व्यवस्थाले सहज गरिदिएको उनले बताए ।

'यही व्यवस्थाका कारण आइतबारको बजारले सकारात्मक संकेत देखाएको छ, बैंकहरूले अहिले नै लगानी नबढाए पनि सर्वसाधारणमा सकारात्मक भाव विकास भएको छ ।'

सेयर बजार र वित्त क्षेत्रका जानकार अनलराज भट्टराई राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई लगानीबाट बाहिरिन गरेको सहजताले अहिले नै आपूर्ति आउँछ भनेर डराउनुपर्ने अवस्था नरहेको बताए । यो व्यवस्थाले बैंकहरूलाई सेयर खरिद र बिक्री दुवैका लागि सहजता दिएको र यसले बजारलाई चलायमान बनाउन मद्दत पुग्ने उल्लेख गरे ।

'यो व्यवस्थापछि पूँजी पर्याप्त रहेका बैंकहरूले घटेको मौका पारेर सेयरमा थप लगानी गर्न सक्ने भए,' भट्टराईले भने, 'पूँजी असहज रहेका बैंकहरूले पर्याप्त सेयर बेचेर तरल पूँजी जुटाउन सक्ने भए ।'

कतिपय बैंकलाई यतिबेला तरल पूँजीको समस्या रहेको तर कतिपयलाई बढी भएकाले बैंकको अवस्थाअनुसार पूँजी व्यवस्थापन गर्न मद्दत पुग्ने उनको भनाइ छ । यसले धितोपत्र बजारलाई खास ठूलो असर नपार्ने उनको भनाइ छ ।

उनको भनाइअनुसार पूँजी पर्याप्त रहेका बैंकहरूलाई घटेको बेला बजारमा लगानी एउटा राम्रो अवसर पनि हो । यसअघि बिक्रीका लागि गरिएको असहज व्यवस्थाले बैंकहरूले पर्याप्त मात्रामा बजारमा लगानी गर्न सकेका थिएनन् ।

२०७८ जेठ ११ गते राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन जारी गरी उनीहरूको लगानी सम्बन्धमा व्यवस्था परिमार्जन गरेपछि बैंकहरूले धेरै सेयर बिक्री गरिसकेका थिए । सो व्यवस्थामा भनिएको थियो 'सर्वसाधारणमा सेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको सेयर तथा डिबेञ्चरमा एक वर्षभन्दा बढी अवधिको लागि मात्र लगानी गर्न पाइनेछ ।' सो व्यवस्थाले बैंक वित्तीय संस्थालाई छोटो अवधिमा सेयर कारोबार गरिरहन निषेध गर्‍यो ।

*(स्रोत: अनलाइनखबर)*

# बुबा भक्तराजको इच्छामा सत्यराजले खेल्न पाएको 'आचार्य'



काठमाडौं/गायक तथा संगीतकार भक्तराज आचार्यको जीवनीमा आधारित भएर बनेको फिल्म 'आचार्य'लाई पुन: प्रदर्शन गरिँदैछ । सन् २०११ मा पहिलोपटक प्रदर्शन भएको यो फिल्मलाई आगामी असार ७ गते पुन: प्रदर्शन गर्न लागिएको हो । १३ वर्षअघि फिल्मको कमाई खासै राम्रो नभए पनि समीक्षा उत्कृष्ट मिलेको थियो । गायक आचार्यलाई 'ट्रिब्युट' दिन पनि फिल्म पुन: प्रदर्शन गर्न लागिएको हो ।

यस फिल्ममा गायक आचार्यको भूमिका उनकै जेठा छोरा तथा गायक सत्यराज आचार्यले निभाएका छन् । बुबाको संघर्ष, सफलता र पीडालाई नजिकबाट निकालेकाले होला, उनले फिल्ममा जीवन्त अभिनय गरेका छन् । तर, फिल्मका लागि पहिलो रोजाईमा भने उनी थिएनन् । निर्देशक प्रशान्त र साइलीले भक्तराजको भूमिकाका लागि अरु नै एक कलाकारलाई लिने निर्णय गरिसकेका थिए ।

त्यो क्षण स्मरण गर्दै सत्यराज भन्छन्, 'प्रशान्तले स्क्रिप्ट सुनाएपछि बुबाले कुन कलाकार लिँदैछौ भनेर सोध्नुभएको थियो । प्रशान्तले एकजना कलाकारको नाम लिएको थियो । बुबाले उसले हारमुनियम बजाएर त्यसको तालमा गीत गाउन सक्छ भनेर सोध्दा प्रशान्त अवाक भयो । पछि बुबाले सत्यको मसँग अनुहार पनि मिल्छ र उसले गीत पनि गाउँछ भन्नुभएपछि यो फिल्ममा मैले खेल्न पाएँ ।'

पर्दामै भए पनि बुबाको जीवन बाँच्न पाएकोमा सत्यराजलाई गर्व महसुस हुन्छ । 'बुबाको जीवन एक सेकेण्ड महसुस गर्दा त कहाली लाग्छ, मैले बुबाकै जीवन पर्दामा बाँच्न पाएँ,' उनी भन्छन्, 'फिल्ममा मेरो पहिलो चरित्र भक्तराज हो भनेर सम्झँदा गर्व महसुस हुन्छ ।' फिल्ममा काम गर्ने भएपछि बुबाको जीवनलाई नजिकबाट बुझ्न बुबाको जन्म ठाउँदेखि पढ्ने स्कूलसम्म पुगेको उनी सम्झन्छन् ।

अहिले बायोपिक फिल्म मन पराउने परिपाटी रहेकाले 'आचार्य'ले फेरि आफ्नो अस्तित्व बनाउने उनको विश्वास छ । 'हरेक चीजको सही समय आउँछ । पछिल्लो समय 'जारी', 'बोक्सीको घर' जस्तो प्यारलल फिल्म बन्ने र बायोपिक फिल्म हेर्ने र मन पराउने, 'टक अफ दी टाउन' हुने, विदेश जाने परिपाटी आएको छ । मलाई विश्वास छ कि यसले फेरि आफ्नो अस्तित्व बनाउनेछ,' उनी भन्छन् ।

फिल्ममा गायक आचार्यको जीवनका अनेक पाटाहरु केलाइएको छ । उनले पाएको सफलता, उनले गरेको संघर्ष र उनले भोगेका दु:खको कथा फिल्ममा छ । फिल्ममा सत्यराजका साथै सुनिल पोखरेल, अरुणा कार्की, दयाहाङ राई, विपिन कार्की, सौगात मल्ल लगायतको पनि अभिनय छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अमलेखगञ्ज-हेटौंडा-लोथर ‘पेट्रोलियम पाइपलाइन’ विस्तार गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/ मकवानपुर हुँदै बाराको अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तारको काम छिट्टै सुरुहुने भएको छ ।

मोतीहारी-अमलेखगञ्जको पाइपलाइनको काम पूरा भएपछि त्यसलाई लोथरसम्म विस्तार गरिने नेपाल आयल निगमले जनाएको छ । अमलेखगञ्ज-लोथर ६९ किलोमिटरमा पाइपलाइनको काम सुरु गर्न प्राविधिक टोलीबाट अध्ययन भइरहेको निगमको मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जप्रमुख विनितमणि उपाध्यायले जानकारी दिए ।

‘नेपाल र भारत दुवै देशका उच्चस्तरीय प्राविधिक टोलीबाट अध्ययन भइरहेको छ’, उनले भने, ‘टोलीको प्रतिवेदन प्राप्त भएपछि काम थालिनेछ,’ पाइपलाइन विस्तार गरी लोथरमा एक लाख किलोलिटर पेट्रोलियमपदार्थ भण्डारण गरिने छ । मोतिहारी-अमलेखगञ्ज पाइपलाइन परियोजनाअन्तर्गत दोस्रोचरणको ७० प्रतिशतभन्दा बढी काम पूरा भएको बताइएको छ ।

दोस्रोचरणमा भारतीय आयल निगमले बाराको अमलेखगञ्जस्थित डिपोमा चार हजार एक सय किलोलिटर क्षमताका दुई ‘पेट्रोल ट्याङक, दुई सय ५० किलोलिटर क्षमताका दुई ‘ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित ‘लोडिङ वे-रिफिलर’, ‘पम्प हाउस’ र प्रयोगशाला निर्माण गरेको प्रमुख उपाध्यायले जानकारी दिए । पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय आयल निगमले निर्माण गर्ने सम्झौता भएको छ ।

एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले ट्याङ्करबाटै पेट्रोलियमपदार्थ ल्याउनुपर्ने बाध्यता छ । पाइपलाइनबाट पेट्रोलियमपदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी खर्च जोगिने तथा वातावरणीय प्रदूषण कमगर्न सहयोग पुग्नेछ ।

# मधेशी सेवा समाजमा गुप्ता

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/संयुक्त मधेशी सेवासमाज मकवानपुरको अध्यक्षमा रबि गुप्ता निर्वाचित भएका छन् ।

शनिबार हेटौँडामा भएको आठौं साधारणसभा तथा तेस्रो अधिवेशनबाट गुप्ताको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो ।

समाजको उपाध्यक्ष अशोक गुप्ता, सचिव नन्दलाल दास, कोषाध्यक्ष राजदेव बनियाँ, सहसचिव कृष्ण कंशाकार, सहकोषाध्यक्ष रञ्जित केशरी चयन भएका छन् । सदस्यमा किशन गुप्ता रौनियार, शम्भु गुप्ता रौनियार, लक्ष्मण बनियाँ, अर्जुन केशरी, मनोज साह चयन भएका छन् । निवर्तमान अध्यक्ष सुनिलप्रसाद सेनुरियाको अध्यक्षता तथा हेटौंडा उपमहानगरउपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा साधारणसभा तथा अधिवेशन उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो ।

संयुक्त मधेशी सेवा समाजले वार्षिकरुपमा छठपूजा समारोह, वातावरण दिवस, रक्तदान कार्यक्रम, अनाथ बालबालिका लक्षित सहयोग, वृद्धाश्रममा सहयोगका कार्यक्रम गर्दै आएको छ ।

# स्थापना दिवसमा सफलउद्यमी सदस्य सम्मान





साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/ मकवानपुरगढी गाउँपालिका-५ अवस्थित महिलाकल्याण बचत तथा ऋण सहकारी संस्थाको २५ औं स्थापना दिवसमा सफलउद्यमी सदस्य सम्मान गरेको छ । आइतबार दिवस मनाउँदै चारजना सफलउद्यमी सदस्य सम्मान गरिएको हो ।

संस्थाका अध्यक्ष पार्वती फुँयालको सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिनको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा सफलउद्यमी सदस्य लक्ष्मी सापकोटा, कमला ढुंगाना, देवकी फुँयाल न्यौपाने, लक्ष्मी अधिकारीलाई सम्मान गरिएको हो । उनीहरुले व्यावसायिक कृषि तथा पशुपालन गर्दै आइरहेका छन् ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका सचिव वीरेन्द्रप्रसाद ढुंगाना, नेृस्कुन फिल्ड कार्यालय हेटौंडाका प्रमुख विदुर खडका, जनहित स्वावलम्बन साकोसका अध्यक्ष श्रीराम अर्जुन, स्वरोजगार साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष धनकुमारी खड्का, संस्थाका निवर्तमान अध्यक्ष देवकी चौलागाई, लेखासमिति संयोजक सुलोचना स्याङ्तान, जनहित स्वावलम्बन साकोसका व्यवस्थापक दीर्घबहादुर थापालगायतको आतिथ्यता थियो ।

सहकारीले बैशाख मसान्तसम्ममा ११ करोड १७ लाख ८९ हजार ६८४ को कारोबार गरेको संस्थाका व्यवस्थापक मेनुकाकुमारी न्यौपाने बताइन् । संस्थाको शेयरपुँजी १ करोड १९ लाख ८० हजार ८ सय रहेको छ । स्थापना दिवसको अवसरमा सहकारीले ३ गते मकवानपुरगढी-५ मा रहेको उज्ज्वल प्राथमिक विद्यालयमा अध्ययनरत २१ जना विद्यार्थीलाई स्टेशनरी वितरण गरेको थियो ।

सहकारीलाई योगदान गर्ने ७ जना अशक्त शेयर सदस्यलाई घरमै भेटघाट कार्यक्रम गरिएको संस्थाका सचिव सरिता ढुंगानाले बताइन् । कार्यक्रममा सम्मानित तर्फबाट देवकी फुँयाल न्यौपाने र संस्थाका कोषाध्यक्ष सरिता चौलागाइले भनाइ राखेकी थिइन् ।

# पशुपतिनाथ माविका विद्यार्थीलाई शैक्षिक सामग्री



साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/ पशुपतिनाथ माविका विद्यार्थीलाई अध्ययनका लागि शैक्षिक सामग्री दिइएको छ । सिबिन नेपालको बालश्रम न्यूनीकरण परियोजनाले विद्यालयका ३५ जना बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरेको हो ।

विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतमको अध्यक्षतामा आयोजित कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बालबालिकालाई शैक्षिक सामग्री बितरण गरेका हुन् ।

अध्यक्ष कालाखेतीले मनहरी गाउँपालिकामा निर्वाचित भएपछि शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार गरी पालिकाबासीको सरल र सहज पहुँचमा बिस्तार गर्ने नीतिका साथ काम गरिरहेका बताए ।

बालबालिकाको सिकाई उपलब्धीबृद्धि गर्नका लागि पालिकाबाट कुनै कन्जुस्याईं हुन नदिने बताउँदै अध्यक्ष कालाखेतीले पशुपतिनाथ माविको भौतिक संरचना राम्रो बनेको र आगामी दिनमा शैक्षिक गुणस्तरमा क्रियाशील हुन सुझाव दिए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले कक्षा ६, ७, ८ मा ९० जना भन्दा बढी विद्यार्थी भर्ना भएका कारण तीनवटै कक्षामा सेक्सन बिभाजन गर्न आवश्यक रहेको र शिक्षक अभावका कारण ९७ जना विद्यार्थी एउटै कक्षामा राखेर अध्यापन गराउन समस्या भइरहेको बताए ।

मनहरी गाउँपालिका स्रोतशिक्षक बिदुर थापाले विद्यालय आफैंले समाधान गर्न नसकेको समस्यामा गाउँपालिकाले सहयोग गर्ने बताए ।

विद्यालय ब्यवस्थापन समिति सदस्य सीता नेपाली, बिष्णुमाया बल, कल्पना कार्की, सप्रअ सुशील गौतम, शिक्षक प्रतिनिधि ईश्वर रिजाल, सिबिन बाल हेल्पलाईनकी सहजकर्ता सुष्मिता बस्नेतलगायतका उपस्थिति रहेको थियो ।

# विद्यार्थीलाई नि:शुल्क लेखापालन तालिम



साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) मकवानपुर बहुमुखी क्याम्पस ईकाई कमिटीको आयोजनामा नि:शुल्क लेखापालन तालिमको सुरु भएको छ ।

अखिल (क्रान्तिकारी) मकवानपुर बहुमुखी क्याम्पस कमिटी अध्यक्ष अभ्युदय खनालको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पसका क्यामपस प्रमुख डा. यम सिलवालको प्रमुख आतिथ्यता रहेको थियो । आईतबारदेखि १० दिनसम्म सञ्चालन हुने तालिमको प्रशिक्षण किशोर अर्यालले गर्नेछन् ।

विद्यार्थीको शैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक अभ्यास सहित क्षमताको विकासको लागि तालिम आयोजना गरिएको क्याम्पस कमिटी अध्यक्ष खनालले बताए । तालिममा ब्यवस्थापन संकाय अन्तगत स्नात्तकतहमा अध्ययनरत १२० भन्दा बढी विद्यार्थीको सहभागिता रहेको छ ।

# आग्रामा गोले वंशउत्थान समाजको राष्ट्रिय भेला




साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/गोले तामाङ वंशउत्थान समाजको आठौं राष्ट्रिय भेला तथा एघारौं साधारण सभा मकवानपुरको आग्रामा भएको छ । थाहा नगरपालिका-७ डाँडाबासमा भएको भेलाले गोलेको ऐतिहासिक थाकथलो किपटभूमि सिन्धुपाल्चोकको थाङपाल र नुवाकोट लच्याङ ऐतिहासिक सम्पदाको संरक्षण गर्ने घोषणा गरेको छ ।

समाजका सल्लाहकार तथा पूर्वमन्त्री मणि लामा गोलेको प्रमुख आतिथ्यतामा भएको राष्ट्रिय भेलाले विश्वभरका सम्पूर्ण गोलेवंशलाई समेट्दै अघि बढ्ने उद्देश्य राखेको समाजको अध्यक्ष मीन गोले तामाङ्ले बताए ।

कार्यक्रममा थाहा नगर उपप्रमुख भरत गोपाली, समाजका संस्थापक अध्यक्ष जयप्रसाद गोले, समाजका सल्लाहकार तथा पूर्वमन्त्री दावा गोले, नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोले, अलइन्डिया बुद्धिस्ट एशोसियसन भारतका केन्द्रीय सदस्य लिप्चन गोले, केन्द्रीय सदस्य तथा चिफ प्याटर्न बिक्रम गोलेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

समाजका अध्यक्ष मीन गोलेको अध्यक्षतामा भएको भेलाले गोलेबंशबाट प्रतिनिधित्व गर्दै निर्वाचित भएका सांसद, प्रदेश सांसद, गाउँपालिका तथा नगरपालिका जनप्रतिनिधि तथा कार्यपालिका सदस्यहरुलाई सम्मान गरिएको थियो भने लाप्तावा, लावोन, बोन्वोहरु क्रमश: कान्छा बोन्वो थाङ्पाल गुन्सा, सिन्धुपाल्चोक, मोतिलाल गोले लच्याङ नुवाकोट, रामबहादुर गोले, थाहा-६, रामबहादुर गोले थाहा-७ सहित ४५ जना सहयोगीलाई सम्मान गरिएको थियो ।

साधारणसभाले अध्यक्षको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्षबाट प्रस्तुत आर्थिक प्रतिवेदन पास गरेको छ । समाजका केन्द्रीय उपमहासचिव शुभराज गोलेले संचालन गरेको कार्यक्रममा देश तथा विदेशबाट ५ सय गोलेबन्धुको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ ।

# पशुपतिनाथमा जंकफुडसम्बन्धी सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/ पशुपतिनाथ माविका विद्यार्थीहरुलाई दैनिक जीवनका लागि अति उपयोगी मानिने खाद्यसुरक्षण तथा जंकफुड सम्बन्धी सचेतना दिइएको छ ।

उद्योग निर्देशनालयको वार्षिक कार्यक्रमअन्तर्गत विद्यार्थीलाई सचेतना दिइएको हो । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतमको उपस्थितिमा निर्देशनालयका खाद्यनिरीक्षक सुलोचना श्रेष्ठले उपभोक्ता सचेतना दिएकी थिइन् । समाजिक सचेतना वृद्धि हुने देखिएका कारण सम्बन्धित विद्यालयमा पुगेर विद्यार्थीलाई सचेत बनाउने प्रयास गरिएको विद्यालयका सप्रअ सुशील गौतमले जानकारी दिए ।

पशुपतिनाथ माविका कक्षा ९ र १० का विद्यार्थीलाई खाद्यान्न तथा उपभोग्यवस्तु सम्बन्धित सामग्री प्रत्यक्ष प्रस्तुतिकरण साथै अन्य खाद्यान्न सम्बन्धित सचेतना कार्यक्रम गरिएको थियो । विद्यालय आसपासमा बिक्रीका लागि राखिने जंकफुडले जनस्वास्थ्यमा पुऱ्याउने असरका बारेमा विद्यार्थीलाई जानकारी गराइएको हो । कार्यक्रममा कक्षा ९ र १० का करिव ७० जनाको सहभागिता रहेको विद्यालयका शिक्षक ईश्वर रिजालले बताएका छन् ।


## हार्दिक बधाई तथा शुभकामना

संयुक्त मधेशी सेवा समाज मकवानपुरको शनिबार सम्पन्न आठौं साधारणसभा तथा तेस्रो अधिवेशनबाट गरिमामय अध्यक्षमा **श्री रबि गुप्ता** ज्यू निर्वाचित हुनुभएकोले उहाँलगायत नवनिर्वाचित कार्यसमितिका सम्पूर्ण पदाधिकारीहरुको कार्यकाल पूर्णसफलताको शुभकामना सहित हार्दिक बधाई व्यक्त गर्दछौं ।

प्रभु शाह रौनियार (अध्यक्ष) एवम्

**रौनियार सेवा समाज मकवानपुर, परिवार**



## शिक्षक आवश्यकता

*तेस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०२/०७*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाको मिति २०८०/११/३० को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/०६ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपशिल बमोजिमको शिक्षक आवश्यक परेकोले उक्त पदपूर्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट तेस्रो पटक ७ दिनका लागि पुन: दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | विषय | संख्या |
|---|---|---|---|---|---|
| १ | ०३/०८०/०८१ | मा.वि. | प्रदेश अनुदान | अंग्रेजी | १ |

३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. शैक्षिक योग्यता: सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी मा.वि. तहको अध्यापन अनुमति पत्र प्राप्त ।
५. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधित नयाँ पाठ्यक्रअनुसार)
६. तलब भत्ता : प्रदेश सरकारको नियम बमोजिम
७. दरखास्त दस्तुर : नगद रु.२,०००।- (दुई हजार रुपैयाँ मात्र)
८. दरखास्त दिने अन्तिम दिन : २०८१/०२/१३ गते विद्यालय समयभित्र
९. सम्पर्क मिति : २०८१/०२/१४ गते ।
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
११. आवश्यक कागजातहरु:
क) अंग्रेजी माध्यममा हस्तलिखित निवेदन १ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ थान
ग) SLC/SEE देखि माथिको शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि १/१ थान
घ) माध्यमिक तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि १ थान

**श्री भृकुटी माध्यमिक विद्यालय**

उत्तरपानी, हे.उ.म.न.पा-१४, मकवानपुर

**सम्पर्क नं:** ९८५५०७०५०६ (प्र.अ.), ९८११२८६१११ (वि.व्य.स. अध्यक्ष)



हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना